जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० अंक ४४ २०७७ साल भदौं २४ गते बुधबार (9 Sep. 2020 Wednesday) मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- अनुसन्धान वा अभियोजन अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाने मनसायले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- झुठ्ठा प्रमाण बनाउनेलाई पाँचवर्षसम्म कैद र पचार हजार रुपैयाँसम्म जरिवाना हुने,
- कसूरदारलाई आश्रय दिनेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : लकडाउनलाई राजनीतिक ... ३ पृष्ठमा : हवाई क्षेत्रले १६ अर्ब ... ३ पृष्ठमा :बङ्गलादेशमा झण्डै ७० ...

# माटो मुनी गाडेको चोरीको ३ लाख ५९ हजार रुँपैया बरामद, चोरीमा संलग्न दाजु, बहिनीसहित चार पक्राउ



*तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, २३ भदौं ।**

चोरी गरि माटो मुनी र खेलौनामा नगद तथा रिचार्ज कार्ड लुकाइ राखेको अवस्थामा सप्तरी प्रहरीले चोरीमा संलग्न दाजु, बहिनी र अन्य दुई जनालाई पक्राउ गरेको छ ।

राजविराज ७ स्थित एक पसलमा सोमबार बिहान चोरी भएको केही घण्टा नबित्दै चोरीमा संलग्न रहेकाहरुलाई सामानसहित पक्राउ गर्न सफल भएको हो । जिल्ला प्रहरी कार्यालय सप्तरीले मंगलबार बिहान पत्रकार सम्मेलनको आयोजना गरि सोमबार साँझ पक्राउ परेकाहरुलाई सार्वजनिक गरेको छ ।

यसरी पक्राउ पर्नेमा राजविराज ४ निवासी सैनी भनिने २८ वर्षिय सनियाँ मण्डल र उनकी २४ वर्षिया बहिनी ज्योति, सोही वडा बस्ने २२ वर्षिय मो. समिम अन्सारी तथा रुपनी गाउँपालिका ४ बस्ने २६ वर्षिय लाल महम्मद राइन् छन् ।

सो पत्रकार सम्मेलनमा जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक राजेन्द्र धमलाले पसलमा जडान गरिएको सिसि क्यामराको फुटेजको आधारमा अनुसन्धान गर्दै जाँदा सफलता मिलेको जानकारी दिए ।

घटना विवरण अनुसार राजविराज ७ स्थित हटियामा रहेको गणेश किराना स्टोर्स पसलमा सोमबार बिहान ४ बजेतिर सटर फोडेर नगद ४ लाख, १ लाख ५० हजारको रिचार्ज कार्ड तथा केही किराना सामान चोरेर लगेपछि पसल संचालक ओमप्रकाश साहद्वारा प्रहरी समक्ष उजुरी परेको थियो ।

चोरीमा संलग्न मुख्य नाइके सनिया मण्डल पक्राउ परेपछि उनले दिएको बयानको आधारमा प्रहरीले राजविराज २ मा मदिरा पसल संचालन गर्दै आएकी उनकी बहिनी ज्योति, होटलका कामदार मो. समिम र रुपनी गाउँपालिकाका लाल मोहम्मदलाई पनि नियन्त्रणमा लिइएको थियो ।

लाल मोहम्मदले चोरीमा सघाएका थिए भने ज्योति र समिमले चोरीको रकम र सामान लुकाउन सघाएको प्रहरी उपरिक्षक धमलाको भनाई छ ।

साहको पसलबाट चोरी गरिएका ४ लाख रुँपैया मध्ये ३ लाख ५९ हजार २ सय ९५ रुँपैया ज्योति मदिरा पसल भित्रै माटोमुनी गाडेको र खेलौना भित्र लुकाइराखेको अवस्थामा प्रहरीले बरामद गरेको छ ।

यस्तै चोरी गरिएका १ लाख ५० हजार रुँपैयाको रिचार्ज कार्ड मध्ये ५० हजार ५० रुँपैयाको रिचार्ज कार्ड पनि सोही होटलबाट बरामद गरिएको छ । बाँकी रकम र रिचार्ज कार्ड कहा लुकाएको भन्ने विषयमा सोधपुछ भइरहेको प्रहरीको भनाई छ ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।। पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit
WESTERN UNION MONEY TRANSFER
prabhu Money Transfer प्रभुको इच्छा
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
Best Remit Quick & Easy
CITY EXPRESS MONEY TRANSFER
IME pay wallet
MoneyGram money transfer

# निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको कामले तीव्रता लियो

काठमाडौँ, २३ भदौ (रासस)।

राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको कामले तीव्रता लिएको छ। विमानस्थल निर्माणस्थलमा पर्ने रुख कटानका लागि हालसम्म सो क्षेत्रका ५७ हजार ३५० रुख गणना कार्य सकिएको छ भने त्यस क्षेत्रमा नदी नियन्त्रणका काम पनि धमाधम भइरहेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईको अध्यक्षताम मंगलबार मन्त्रालयमा भएको निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजना निर्माणका लागि अन्तर निकाय समन्वय, सहजीकरण समितिको बैठकमा विमानस्थलको प्रगति विवरण पेश गरिएको हो। आउँदो मङ्सिर मसान्तभित्र रुख तथा पोलको लगत नम्वरिङको कार्य सम्पन्न गर्ने निर्णय गरिएको छ।

बैठकले निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण क्षेत्रमा पर्ने आयोजनास्थलमा अवस्थित टाँगिया बस्ती स्थानान्तरणका लागि सहजीकरण समितिको विसं २०७६ माघ २ गतेको निर्णयानुसार भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित समितिले स्थलगतरुपमा निरीक्षण गरी बस्ती व्यवस्थापनका लागि स्थानसहितको मोडालिटी तयार गरी १५ दिनभित्र समितिसमक्ष प्रतिवेदन पेश गरिनेछ। साथै, उक्त समितिका सदस्यमा डिभिजन वन कार्यालय, बाराका प्रमुखलाई थप गर्ने निर्णय पनि भएको छ।

विमानस्थल निर्माण क्षेत्रको चार किल्ला वरिपरि सडक निर्माण, पहुँचमार्ग निर्माण र सो क्षेत्रमा पर्ने वन क्षेत्रको रुख कटान गर्ने कार्य सम्पन्न गर्न नेपाल वन निगम लिमिटेडमार्फत रुख कटानको काम अगाडि बढाउन नेपाल नागरिक उड्डयन प्राधिकरणलाई निर्देशनसमेत दिएको छ। बैठकले विमानस्थलको गुरुयोजना निर्माणको खरिद सम्झौता प्रक्रियाका बाँकी कार्य एक साताभित्र सक्न प्राधिकरणलाई निर्देशन दिएको छ लगानी बोर्डले विमानस्थल निर्माणका लागि छनोट भएको जुरिच इन्टरनेशनल कम्पनीसँग निरन्तर संवाद र पत्राचार गरी सेप्टेम्बर ३० भित्रमा परियोजना प्रस्ताव अन्तिम निर्णय लिनेसमेत बैठकले निर्णय गरेको पर्यटन मन्त्रालयले जनाएको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan) NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# लकडाउनलाई राजनीतिक स्थिरता र सरकारको रक्षा कवच नबनाईयोस्



डा.रामदेव पण्डित

नेपाल सरकारले २०७६ चैत्र ११ बाट लगाएको लकडाउन झन्डै चार महिनापछि गत साउन ६, २०७७ मा लकडाउन अन्त गरेको धेरै भएको छैन। लकडाउन खोलेको दिन साउन ७ गते विहानको कोभिड १९ संक्रमणको तथ्याङ्क अवस्था भनेको ३ लाख २७ हजार ६१४ जनामा पिसिआर परिक्षण गरिएको थियो जसमा १८ हजार ९४ जनालाई संक्रमण भएको पाईएको थियो र ४२ जनाको मृत्यु भएको थियो। त्यसबेला निको हुनेको प्रतिशत ७०.१ थियो।

लकडाउन अन्त्य गरेपछि कोरोना भाइरसको संक्रमण र मृत्यु दर ह्वात्तै बढेको भन्न थालिएको छ। सरकारले औपचारिक घोषणा गरेको छैन तर संक्रमण समुदायस्तरमा फैलिएको अनुमान गरिँदैछ। राजधानी काठमाडौं लगायत देशका प्रमुख शहरहरु विराटनगर, बिरगञ्ज, नेपालगञ्ज आदिमा पनि कोरोना संक्रमण फैलिँदै गएपछि सरकारको आगामी कदमबारे प्रधानमन्त्रीले विज्ञहरु र शीर्ष नेताहरु

(विपक्षी दलका सहित)सँग राय लिन साउन २० गते एउटा बैठक गरेको छ। उक्त बैठकमा विज्ञहरुको विभिन्न सुझावहरु प्रस्तुत गरे। पुनः लकडाउन गर्ने कि नगर्ने भन्ने बिषयमा विज्ञहरुको मिश्रित प्रतिक्रिया आएको भएपनि सरकारले फेरी लकडाउन गर्ने सहज विकल्प खोजीरहेको देखिँदै छ। जसको औचित्य पुष्टि भएको देखिँदैन।

लकडाउन खोलेको १५ दिन नबित्दै सरकार फेरी लकडाउन गर्ने बिषयमा छलफल गर्ने निश्कर्षमा किन पुग्दै छ, यसका लागि केही ठोस कारण त हुनुपर्ला। हाल सम्म चर्चामा आएको कारणहर भनेको, लकडाउन खोलेपछी भाइरसको संक्रमण र मृत्यु दर ह्वात्तै बढेको भनिएको छ। संक्रमण समुदायस्तरमा फैलिएको अनुमान गरिएको छ। के यी कारणहरुमा वास्तविकता छ त ?

स्वास्थ्य मन्त्रालयको साउन २१ गते विहानको तथ्यांकअनुसार हालसम्म नेपालमा ४लाख ६५ हजार ९४ जनामा पिसिआर परिक्षण गरिएको छ जसमा २१ हजार ९ जनामा कोरोना संक्रमण पुष्टि भएको छ भने कोरोनाबाट ५८ जनाको मृत्यु भएको छ। यसबेला निको हुनेको प्रतिशत ७१.५ प्रतिशत रहेको छ।

यसरी साउन ७ र साउन २१ गतेको तथ्याङ्कलाई तुलना गरेर हेर्दा यस १४ दिनको अवधिमा ७८ हजार ९८० जनाको पिसिआर परिक्षण गरिएको छ, २ हजार ९१५ जनालाई संक्रमण देखिएको छ र १६ जनाको (औसतमा १ जना प्रतिदिन) मृत्यु भएको छ। निको हुनेको प्रतिशत पनि १ प्रतिशतले बढेको छ। के यसलाई ह्वात्तै बढेको भन्न मिल्छ ? के यसलाई भ्यावह अवस्था भन्न मिल्छ ? कदापि भन्न मिल्दैन।

एउटै गाँउबाट सय भन्दा बढी संक्रमित नेपालको कुनै पनि स्थानमा भेटिएको छैन। के यस अवस्थालाई संक्रमण सामुदायिक तहमा प्रवेश गरेको छ भनेर अनुमान गर्न मिल्छ ? सँधै अन्तराष्ट्रिय र प्रायोजित कुरा मात्र सुन्ने गर्नु भन्दा पनि परिस्थितिको मुल्याङ्कनका लागि आफ्नो विवेकको पनि प्रयोग गर्नुपर्छ। संक्रमण बढीरहेको र लकडाउन खुलेपछी जनसम्पर्क बढेपछी संक्रमण झनै बढ्छ भन्ने थाहा हुँदा हुँदै किन लकडाउन खोलियो यो कस्तो दुरदर्शि बिशेषज्ञता थियो ?

केही उच्च पदस्थ जनप्रतिनिधिहरुलाई संक्रमण भएको समाचारलाई प्रसार गरेर अवस्थालाई भ्यावह प्रक्षेपण गर्नु परिस्थितिको गलत मुल्याङ्न हो। कोरोना संक्रमणलाई यति भ्यावह रुपमा प्रस्तुत गरीरहेको छ कि मेडियाको समाचरले डरको हल्ला फैलाईएको मात्र हो भन्ने प्रष्ट हुन्छ। केही कथित विज्ञहरुले यहाँ सम्म भन्दै छन् कि संक्रमण तीब्र गतीमा फैली रहेको छ, केही दिनमा लास उठाउने मानिस पनि भटिन गाह्रो हुने। यस भनाईको कुनै आधार छैन। निराधार तथ्यहरुको प्रयोग गरी आमजनताको मनमा प्रायोजित रुपमा डर उत्पन्न गरिरहेका छन्। यसैको आधार र सेरोफेरोमा सरकारले आफ्नो कमजोरी लुकाउन र जनताको ध्यान अन्त मोड्नका लागि फेरी लकडाउन गर्ने कुरालाई चर्चामा ल्याउँनु र लकडाउनलाई विकल्प सोच्नु सरासर गलत हो। सरकारको असंवेदनशीलताको परकाष्ठा हुनेछ।

यस स्थिर अवस्थामा पनि सरकारले हल्लाको भरमा लकडाउनलाई फेरी निकासको एक विकल्प सोच्नु भनेको, पछिल्लो लकडाउनका अवधिमा राजनीतिक र आर्थिक स्वार्थ पुर्ति गर्न पलकेकाहरुले लकडाउन गर्ने अर्को बहान मात्र खोजेको अनुमान गर्न सकिन्छ। यस बिषयमा आम जनता सुसुचित र सचेत हुन जरुरी देखिन्छ। महामारीको यस असहज घडीमा आम जनताहरु आर्थिक रुपमा विच्चली परेको पस्थितिमा लकडाउन कसैको रहरको बिषय बन्नु हुँदैन।

पछिल्लो लकडाउनले नै मजदुर वर्ग निकै पिडित भईसकेका छन्। ती वर्गको लागि सरकारले कुनै विशेष राहत दिन असमर्थ हुँदै फेरी लकडाउन लाध्न खोज्नु अपराध हुनेछ। मानवको बाँचन पाउने मानव अधिकारको उल्ङ्घन हुनेछ। कोरोना महामारीको संक्रमणमा परी मर्नबाट जनतालाई बचाउन जती जरुरी छ, भोकभोकै मर्न लागेको र आर्थिक रुपमा टाट पल्टिएर आत्महत्या गर्न बाध्य बन्दै गएको जनताको जीवन रक्षा गर्नु पनि जवाफदेही र जिम्मेवार सरकारकै दायित्व हो।

लकडाउनलाई राजनीतिक स्थिरता र सरकारको रक्षा कवच नबनाईयोस्। अहिलेको विकल्प लकडाउन हुँदै होइन। लकडाउन बारे सोच्नुको कुनै औचित्य छैन।

*(मधेश दर्पण फिचर सेवा)*

# पत्रकारको परिचयपत्र नक्कली बनाएर दुरुपयोग

काठमाडौँ, २३ भदौ (रासस)।

पत्रकारको परिचयपत्र नक्कली बनाउने र पत्रकार नै नभएको व्यक्तिले 'प्रेस ज्याकेट' लगाएर पत्रकारिताकै दुरुपयोग गरेको पाइएपछि प्रहरीले उच्च निगरानी थालेको छ। कोभिड-१९ सङ्क्रमणको जोखिम रोक्न जारी गरेको निषेधाज्ञको समयमा पत्रकारलाई समाचार सङ्कलनका लागि दिइएको छुटको दुरुपयोग गर्न यसरी नक्कली परिचयपत्र बनाउनेदेखि नक्कली पत्रकार बन्नेहरू बढ्न थालेको महानगरीय अपराध नियन्त्रण महाशाखाले जनाएको छ।

केही दिन अघि ललितपुरमा प्रेस लेखेको ज्याकेट लगाएर एक हातले क्यामेरा समाउँदै एक हातले प्रहरीलाई ढुङ्गा हानिरहेको दृष्य सामाजिक सञ्जालमा भाइरल भएको थियो। उनलाई तत्कालै पक्राउ गरेर प्रहरीले कारवाही थालेको छ। प्रहरीका अनुसार पत्रकार नभएका व्यक्तिले पनि गाडीमा प्रेस टाँसेर हिँड्ने गरेको भेटिएको छ।

मङ्गलबार पनि काठमाडौँको बागबजारमा पत्रकारको परिचयपत्र नक्कली बनाउँदै गरेको अवस्थामा केही व्यक्ति पक्राउ गरेको थियो। यस्ता गतिविधि बढ्न थालेपछि प्रहरीले निगरानी बढाएको छ। सामाजिक सञ्जालमा आएका जथाभावीका सूचना प्रवाह गरेर र यूट्यूबमा आएका सामग्रीलाई हेरेर मानिसले पत्रकारका विषयमा नकारात्मक धारणा बनाउने गरेका छन्। यस्ता घटनाले वास्तविक पत्रकार प्रभावित हुँदै आएका छन्। पत्रकारप्रति हेर्ने दृष्टिकोण नै परिवर्तन हुने भन्दै पत्रकार महासङ्घले त्यस्ता गतिविधि रोक्न सरकारसँग अनुरोधसमेत गर्दै आएको छ।

महानगरीय अपराध नियन्त्रण महाशाखाका प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक दीपक थापाले नवलपरासीका लक्ष्मण न्यौपानेले बागबजारमा सञ्चालन गरेको कालिका प्रिन्टर्स स्पोर्टस प्रालिमार्फत विभिन्न व्यक्तिको नामबाट अस्पतालका कर्मचारी र पत्रकारको नक्कली परिचयपत्र बनाई प्रतिकार्ड रु ५०० भन्दा बढीमा बिक्री वितरण गर्ने गरेको फेला परेको जानकारी दिनुभयो।

प्रहरीले न्यौपानेसहित बर्दिया घर भई कोटेश्वर बस्ने श्रीराम खड्का, नवलपुरासी सुस्ता पूर्व कावासोती घर भई काठमाडौँ भीमसेनगोला बस्ने रमेशकुमार रेग्मी, स्याङ्जा जगत्रदेवी घर भई हाल धापसी बस्ने राजेन्द्रराज भण्डारी रहेको थापाले जानकारी दिनुभयो। उनीहरूलाई कारवाहीका लागि महानगरीय प्रहरी परिसर काठमाडौँ बुझाइएको छ। उनीहरूबाट विभिन्न मिडिया, अस्पताल र प्रिन्टिङ प्रेसको नक्कली परिचयपत्र तथा परिचयपत्र बनाउन प्रयोग हुने उपकरण बरामद गरिएको छ।

# केही दिन वर्षाको क्रम बढ्ने : बाढी/पहिरोको सम्भावना

काठमाडौँ, २३ भदौ (रासस)।

मंगलबारदेखि तीनदिन मौसम बदली हुने भएकाले मुलुकका विभिन्न क्षेत्रमा विगतको तुलनामा पानी पर्ने क्रम बढ्ने र केही स्थानमा भारी वर्षा हुने भएको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार मौसम बदली भई गए रातिदेखि नै मुलुकका विभिन्न स्थानमा पानी परिरहेको छ। मौसमविद् शान्ति कँडेलले मंगलबारदेखि तीन दिन नै मौसम बदली भई ठाउँठाउँमा पानी पर्ने र केही स्थानमा भारी वर्षाको सम्भावना रहेको जानकारी दिनुभयो।

उहाँका अनुसार प्रदेश नं १ देखि प्रदेश नं ५ सम्म नै मौसम बदली भहेको छ। हाल मनसुनको न्यून चापीय रेखा औसतभन्दा केही माथि नेपाल नजिक (उत्तरतर्फ) सरेको र स्थानीय वायुको पनि प्रभाव रहेको विभागले जनाएको छ।

*बाँकी तीन पृष्ठमा*

# हवाई क्षेत्रले १६ अर्ब बढी गुमायो

काठमाडौँ, २३ भदौ (रासस)।

कोभिड-१९ महामारीका कारण आन्तरिक उडानमा रहेका निजी क्षेत्रका वायुसेवा कम्पनीले रु १६ अर्बभन्दा बढी आर्थिक नोक्सानी बेहोर्नु परेको छ। कोभिड-१९ महामारी नियन्त्रणका लागि सरकारले लागू गरेको बन्दाबन्दी र जारी निषेधाज्ञाको अवधिमा आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान ठप्प हुँदा ती कम्पनीले ठूलो आर्थिक नोक्सानी बेहोरेका हुन्।

महामारी नियन्त्रणका लागि सरकारले गत चैत ११ देखि साउन ६ गतेसम्म बन्दाबन्दी र त्यसयता भदौ २४ सम्म राजधानी काठमाडौँसहित देशका विभिन्न क्षेत्रमा निशेषाज्ञा जारी गरिएको छ। सोहीकारण झण्डै छ महिनादेखि पर्यटन तथा हवाई क्षेत्र सुनसान प्रायः छ। वायुसेवा सञ्चालक सङ्घका प्रवक्ता योगराज कँडेल शर्माले महामारीको प्रभावका कारण हवाई सेवा कम्पनीले छ महिनाको अवधिमा रु १६ अर्बभन्दा बढी आर्थिक नोक्सानी बेहोर्नुपरेको बताउनुभयो। उहाँका अनुसार ठूला वायुसेवा कम्पनी बुद्धएयर, यती एयरलाइन्स, श्री एयरलाइन्स तथा विभिन्न १० कम्पनीका हेलिकोप्टरको व्यवसायको मोटामोटी नोक्सानीको विवरण हो। आर्थिक नोक्सानीसँगै व्यवसायसँग जोडिएका कर्मचारी मजदूरलगायतको पीडा उत्तिकै छ।

सन् २०२० मा निजी क्षेत्रका हवाई कम्पनीले रु २५ अर्ब भन्दा बढी आर्थिक नोक्सानी बेहोर्ने आँकलन गरिएको छ।

प्रवक्ता शर्माले बन्दाबन्दीको छ महिनाको अवधिमा बुद्धएयरले मात्रै करिब रु चार अर्ब नोक्सानी बेहोरेको छ। यती एयरलाइन्सको रु तीन अर्ब ६० करोड नोक्सानी भएको छ। श्री एयरलाइन्सको पनि झण्डै रु तीन अर्ब आर्थिक नोक्सानी भएको छ।

यो बन्दाबन्दी र निषेधाज्ञा अवधिको अनुमानित विवरण हो। हेलिकप्टर कम्पनीको व्यापार घाटा छुट्टै छ। अब, दैनिक कति व्यापार गर्थे त वायुसेवा कम्पनीले यसबाट पनि सहजै आर्थिक नोक्सानीको अनुमान लगाउन सकिन्छ। देशकै अग्रणी वायुसेवा कम्पनी बुद्धएयरले सामान्य अवस्थामा दैनिक करिब १०० उडानमार्फत छ हजार हाराहारी यात्रुलाई ओहोरदोहोर गराउथ्यो। दैनिक ७० वटासम्म उडान भर्ने अर्को प्रतिस्पर्धी यती एयरलाइन्सले चार हजारभन्दा बढी यात्रु व्यवस्थापन गर्ने गरेको थियो। धेरै उडान गर्नेमध्येको तेस्रो श्रीएयरलाइन्सले पनि दैनिक ४० हाराहारीमा उडान भर्ने गरेको थियो।

वायुसेवा कम्पनीको भनाइमा सङ्घको आँकडाभन्दा आर्थिक नोक्सानी केही तलमाथि हुनजान्छ। उसोभए एयरलाइन्सको भनाइमा चाँही कति नोक्सानी भयो त ? बुद्धएयरका बजार निर्देशक रुपेश जोशीका अनुसार कम्पनीले सामान्य अवस्थामा रु ६० देखि ७० करोड आम्दानी गर्‍यो। तर, इन्धनमा ४० प्रतिशत कटाउँदा उसले मासिक रु १५ करोड सहजै आम्दानी गर्नेगरेको थियो। छ महिनाको इन्धनबाहेकको मात्रै हिसाब गर्दा रु एक अर्बभन्दा बढी घाटा हुन्छ।

बुद्धएयरले ११ एटिआरसहित १३ जहाजमार्फत विभिन्न १३ गन्तव्यमा आन्तरिक उडान गरिरहेको छ। यता निजी क्षेत्रको प्रतिस्पर्धी अग्रणी वायुसेवा कम्पनी यती एयरलाइन्सले छ महिनाको अवधिमा डेढ अर्बभन्दा बढी आर्थिक नोक्सानी बेहोर्नुपरेको छ। एयरलाइन्सको हवाई सुरक्षा विभागका प्रमुखसमेत रहनुभएका प्रवक्ता सुदर्शन बर्तौलाले बन्दाबन्दीको अवधिमा यतीले डेढ अर्ब भन्दा बढी र यतीकै भगिनी संस्था तारा एयरले रु ५० करोड हाराहारी आर्थिक नोक्सानी बेहोरेको बताउनुभयो। यतीले हाल पाँच एटीआर र पाँच जेट स्ट्रिमसहित १० जहाजमार्फत उडान भर्दै आएको छ।

श्री एयरलाइन्सका संस्थागत प्रबन्धक अनिल मानन्धरले बन्दाबन्दीको अवधिमा ठूलो आर्थिक नोक्सानी बेहोर्नुपरेको बताउनुभयो। यो कम्पनीसँग आन्तरिक उडानका लागि सिआरजे र 'ड्यास एट' गरी छ जहाज छन्। सौर्य, सीता, सिम्रिक, समिटलगायत एयरलाइन्सले बन्दाबन्दीमा धेरै घाटा बेहोर्नुपरेको छ।

विमानस्थलमा आन्तरिकतर्फ दैनिक ३०० हाराहारी उडान हुने गरेको थियो। आन्तरिक उडानमा ३४ हेलिकप्टर तथा ४६ जहाजले उडान भर्छन्। आन्तरिकतर्फ १० हेलिकप्टरसहित १९ वायुसेवा कम्पनीले उडान भर्दै आएका छन्।

हेली एभरेष्टका प्रमुख कार्यकारी अधिकृतसमेत रहनुभएका प्रवक्ता शर्माका अनुसार सिजनमा हेली एभरेष्टले मात्रै दैनिक २० देखि २५ हजार अमेरिकी डलर कमाई गर्ने गरेको थियो। बढी उडान गर्ने सिम्रिक एयरको हेलिकप्टर र शैलाश हेलिकप्टरले सर्वाधिक उडान गर्थे। यी दुवै कम्पनीसँग समान छ वटा हेलिकप्टर छन्। उनीहरूले दैनिक ४० हजार डलरसम्म व्यापार गर्ने गरेका थिए। सिजनमा कैलाश मानसरोबरमा मात्रै रु ५० करोडभन्दा बढीको व्यापार हुन्थ्यो।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी डा धनञ्जय रेग्मीले बन्दाबन्दीको अवधिमै पर्यटन तथा हवाई क्षेत्रले रु ३७ अर्ब भन्दा बढी आर्थिक नोक्सानी बेहोरेको बताउनुभयो। बोर्डले हालै गरेको एक अध्ययनअनुसार बन्दाबन्दीको अवधिमा मुलुकको पर्यटन तथा हवाई क्षेत्रमा रु ४१ अर्ब नोक्सानी बेहोर्ने अनुमान गरेको थियो। यो चैत ११ देखि साउनमहिनासम्मको विवरण हो।

**डेढ खर्बको लगानी जोखिममा**

कोभिड-१९ का कारण नेपालको पर्यटन क्षेत्रका डेढ खर्बभन्दा बढी लगानी जोखिममा परेको बताइन्छ। बोर्डले तयार गरेको कोभिडपछिको पर्यटन क्षेत्रको असरसम्बन्धी अध्ययनअनुसार वैद्यरुपमा सञ्चालन भएका पर्यटन क्षेत्रमा रु एक खर्ब ५३ अर्बको लगानी छ। यो निजी क्षेत्रको मात्रै लगानी हो। यस्तो लगानी पर्यटन क्षेत्रका होटल, एयरलाइन्स, रेष्टुराँदेखि पदयात्रा पर्वतारोहण, जलयात्रालगायत छन्। कोभिडको मख्य प्रभव पर्यटन क्षेत्रमा परेको छ। यो क्षेत्रमा दुई लाख ७३ हजारले प्रत्यक्ष रोजगारी पाएका छन्।

संयुक्त राष्ट्र सङ्घ, विश्व पर्यटन सङ्घले नेपालको पर्यटन क्षेत्रमा १० लाखभन्दा बढीले रोजगारी पाएको उल्लेख गरेको छ। त्यस्तै सरकारी तथ्याङ्कले पनि पर्यटन क्षेत्रमा छ लाख हाराहारीले रोजगारी पाएको विवरण छ। तथापि बोर्डले हालै गरेको द्रुत अध्ययनबाट झण्डै तीन लाखले पर्यटनमा प्रत्यक्षरुपमा रोजगारी पाएको उल्लेख गरेको छ। सरकारले कोभिड-१९ का कारण थला परेको पर्यटन क्षेत्रलाई राहत एवं पुनःरुत्थानका लागि चालू आवको बजेटमा रु एक खर्बको पुनःरुत्थान कर्जाका साथै रु ५० अर्बको पुनःरुत्थान कोषको व्यवस्था गरेको छ।

## केही दिन ...

मंगलबार बिहान तनहुँको स्याम्घा केन्द्रमा भारी वर्षा मापन भएको र थप पर्षा हुने देखिएकाले मादीलगायत साना नदीमा आकस्मिक बाढीको सम्भावना रहेको बाढी पूर्वानुमान महाशखाले जनाएको छ।

यस्तै बिहान उदयपुर जिल्लाको उदयपुरगढी केन्द्रमा पनि भारी वर्षा मापन भएको र थप वर्षा हुने देखिएकाले त्रियुगालगायत साना नदीमा आकस्मिक बाढी हुने सम्भावना छ। त्यसको तटीय क्षेत्र र डुबान भइरहने होचा स्थानमा सतर्क रहन अनुरोध गरिएको छ। मंगलबार कोशी र नारायणी जलाधारका केही ससाना सहायक नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता आसपास पुग्न सक्ने जनाइएको छ। यस्तै कन्काई, कमला, वाग्मतीका ससाना नदीको जलाधारमा बहाब बढ्ने र केहीमा सतर्कता आसपास पुग्न सक्ने जनाइएको छ।

मौसमविद् कँडेलले अहिले कर्णाली र सुदूरपश्चिम प्रदेशमा समेत मौसम बदली हुन थालेको जानकारी दिनुभयो। यसपटक भने प्रदेश १ देखि प्रदेश ५ सम्म बढी बदली हुने उहाँले बताउनुभयो। केही स्थानमा भारी वर्षा हुने भएकाले पहिरो र बाढीको जोखिम हुने जानकारी दिँदै उहाँले सावधानी अपनाउन अनुरोध गर्नुभएको छ।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाता नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### बङ्गलादेशमा झण्डै ७० प्रतिशत कोभिड-१९ सङ्क्रमणमुक्त, मृत्यु दर १.३८

ढाका, २३ भदौ (रासस/सिन्ह्वा)।

बङ्गलादेशमा कोभिड-१९ सङ्क्रमितमध्ये ६९.१९ प्रतिशत व्यक्ति सङ्क्रमणमुक्त भएको राष्ट्रिय स्वास्थ्य सेवा निर्देशनालयले मङ्गलबार जानकारी गराएको छ। निर्देशनालयका अनुसार बङ्गलादेशमा कूल सङ्क्रमितमध्ये १.३८ प्रतिशतको मृत्यु भएको छ।

बङ्गलादेशमा विगत २४ घण्टामा सङ्क्रमित पुष्टि भएका कोभिड-१९ विरामीको सङ्ख्या एक हजार ८९२ रहेका छ भने ३६ जनाको मृत्यु भएको छ। यहाँ मङ्गलबारसम्म सङ्क्रमितको सङ्ख्या तीन लाख २९ हजार २५१ पुगेका छ भने चार हजार ५५२ जनाको मृत्यु भइसकेको छ।

बङ्गलादेशमा कोरोनाभाइरस सङ्क्रमण भई निको भएका व्यक्तिको आधिकारिक सङ्ख्या दुई लाख २७ हजार ८०९ रहेको छ भने तीन हजार २३६ जना मङ्गलबारमात्रै निको भई घर फर्किएका छन्।

बङ्गलादेशमा सबैभन्दा बढी सङ्क्रमित भएको दिन जुलाई २ हो। उक्त दिन चार हजार १९ जना एकै दिन सङ्क्रमित भएका थिए। त्यस्तै जुन ३० मा कोरोना भाइरसका कारण एकै दिनमा सबैभन्दा धेरै मृत्यु रेकर्ड भएको थियो।

### सामसुङले जित्यो छ अर्ब ६० करोड डलरको फाइभ-जी नेटवर्कको ठेक्का

सियोल, २३ भदौ (रासस/एपी)।

सामसुङ इलेक्ट्रोनिक्सले अमेरिकाको न्यूयोर्कस्थित भेरिजोन कम्युनिकेसन्सका लागि उच्च गतिको इन्टरनेट (फाइब-जी) को पूर्वाधार निर्माण गर्न ६ अर्ब ६० करोड डलरको एउटा ठेक्का पाएको छ।

सामसुङका अनुसार यो ठेक्का आगामी सन् २०२५ सम्ममा पूरा हुनेछ। सामसुङ र भेरिजोनले यसअघि पनि संयुक्तरुपमा काम गरेका छन्। यसअघि सन् २०१८ मा सामसुङ टेक्नोलोजीले क्यालिफोर्निया, टेक्सास र इन्डियानाका ग्राहकका लागि फाइब-जीको पूर्वाधार निर्माण गर्न मद्दत गरेको थियो।

दक्षिण कोरियाली कम्पनी सामसुङले मुख्य प्रतिस्पर्धी फिनल्यान्डको नोकियालाई पछि पारेको थियो। यो प्रतिस्पर्धामा चीनको हुवावेलाई पनि सहभागी हुन दिइएको थिएन। सन् २०१२ देखि नै हुवावेलाई अमेरिकी बजारमा पहुँच दिइएको छैन। अमेरिकी कङ्ग्रेसले हुवावेका प्रविधि खरिद गर्नबाट अमेरिकी कम्पनीमाथि रोक लगाएको छ।

पछिल्लो समय ट्रम्प प्रशासनले युरोपेली मुलुकहरुलाई पनि हुवावेका प्रविधि खरिद नगर्न दबाब दिइरहेको छ। गत फेब्रुअरीमा अमेरिकी महान्यायाधीवक्ता विलियम बारले युरोपेली कम्पनीहरु नोकिया र एरिक्सनमाथि हुवावेका प्रविधिमाथि पुनर्विचार गर्न चेतावनी दिनु भएको थियो। विश्व बजारमा अहिले उच्च गतिको फाइब-जी नेटवर्क निर्माणमा हुवावे मुख्य प्रतिस्पर्धी भए पनि अमेरिकी नीतिहरुका कारण हुवावेमाथि संकट देखिएको छ।

### इजिप्टमा पनि कोभिड १९ का सङ्क्रमित एक लाखभन्दा बढी

कायरो, २३ भदौ (रासस/एएनआई)।

इजिप्टमा पनि कोभिड १९ का सङ्क्रमितहरु बढ्दो रुपमा देखिएको छ। सोमबारको पछिल्लो परिणामअनुसार यहाँ पनि कोभिडका सङ्क्रमितहरु एकलाख नाघेको छ। यहाँको स्वास्थ्य मन्त्रालयले सो कुराको जानकारी गराएको छ।

उक्त मन्त्रालयकाअनुसार यहाँ एक लाख ४१ जना संक्रमित भेटिएका छन्। त्यस्तै यहाँका ५ हजार भन्दा बढी नागरिकको सो सङ्क्रमणबाट ज्यान गएको छ। सोमबारको प्राप्त पछिल्लो समाचारमा यहाँ ५ हजार ५४१ जनाको यो सङ्क्रमणबाट ज्यान गएको जनाइएको छ। यो संक्रमणका ७९ हजार भन्दा बढी संक्रमित यहाँ निको भएर घर फर्किएका छन्। यसरी यहाँका संक्रमितहरुमा निको हुने दर धेरै देखिएको छ। विश्व स्वास्थ्य संगठनको पछिल्लो तथ्यांकमा यो भाइरसबाट विश्वका करिब २ करोड ७० हजार मानिस संक्रमित भएका छन् भने यसबाट ८ लाख ८१ हजार जनाको ज्यान गएको छ।

### चिनियाँ राष्ट्रपति सीद्वारा कोभिड १९ विरुद्धको लडाइका मोडेलहरुको प्रशंसा

बेइजिङ, २३ भदौ (रासस/सिन्ह्वा)।

चिनियाँ राष्ट्रपति सी चिनपिङले मङ्गलबार कोभिड १९ महामारीविरुद्ध चीनले अपनाएको लडाईका मोडेलहरुको प्रशंसा गर्दै एक सभालाई सम्बोधन गर्नुभएको छ। बेइजिङमा अवस्थित रहेको 'ग्रेट हल अफ द पिपल'मा बोलाइएको एक सभालाई उहाँले मंगलबार बिहान सम्बोधन गर्नु हुने क्रममा प्रशंसा गर्नु भएको समाचारमा जनाइएको छ। चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट कोरोना भाइरस सङ्क्रमण शुरु भएको थियो।

उक्त समयबाट शुरु भएको यस प्रकोपका कारण हालसम्म विश्वभरी आठ लाख ९६ हजार ९२६ जनाको मृत्यु भएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले मङ्गलबार जनाएको छ। सो संगठनका अनुसार विश्वमा दुई करोड ७४ लाख ९२ हजार ९८२ जना कोरोना भाइरस सङ्क्रमित भएका छन्। यद्यपि विश्वमा कोरोना भाइरस सङ्क्रमित एक करोड ९५ लाख ९२ हजार २८० व्यक्ति कोरोना मुक्त भएका छन्।

यद्यपी चीनले भने यस महामरीलाई विभिन्न मोडलहरुको सहयोगले नियन्त्रणमा लिन सफल भएको छ। चीनमा ८५ हजार १४४ कोरोना भाइरस सङ्क्रमित भएका थिए। यस सङ्क्रमणबाट चीनमा चार हजार ६३४ जनाको मृत्यु भएको थियो। चीनमा ८० हजार ३३५ जना कोरोना भाइरस मुक्त भएका छन्। हाल चीनमा ११५ जनामा मात्र कोरोना भाइरस सङ्क्रमण रहेको छ।

# २४ नयाँ संक्रमित थपिए

**दैनिक समाचारदाता**
**राजविराज, २३ भदौं ।**

सप्तरीमा मंगलबार हनुमाननगर कंकालनी नगरपालिकाका १९ जनासहित २४ जना कोरोना संक्रमित भएका छन् ।

यस्तै सप्तरी करागारका एक कैदी, करदाता सेवा कार्यालायका एक कर्मचारी र राजविराज नगरपालिका का ३ जना सहित २४ जना नयाँ संक्रमित थपिएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

हनुमाननगर कंकालनी नगरपालिका वडा नं ७ का ४, २४, २५, २८ वर्षीय पुरुष र १६, २५, ७५ वर्षीय महिला रहेका छन् भने एक जनाको लिङ्ग खुलेको छैन । त्यसैगरी वडा नं. ८ का २८ वर्षीय एक पुरुष र वडा नं. ९ का ६ जना पुरुष र तीन जना महिला छन् ।

त्यस्तै करदाता सेवा कार्यालाय सप्तरीका एक कमचारी र सप्तरी करागारका २३ वर्षीय एक महिला कैदी र राजविराज नगरपालिका वडा नं. ११ का तीन जना पुरुषहरु १५, २५ र ५५ वर्षीय रहेका छन् ।

योसँगै जिल्लामा कोरोना संक्रमितको कुल संख्या ९ सय ४० पुगेको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

# गहनामा रसायनको रूपमा प्रयोग हुने ५० किलो धातुसहित दुई पक्राउ

धनुषा, २३ भदौ (रासस) ।

सुनचाँदीको गहनामा रसायनको रूपमा प्रयोग हुने ५० किलो धातुसहित दुई जनालाई धनुषा प्रहरीले पक्राउ गरेको छ । सुनचाँदीमा प्रयोग हुने रसायन धातु भन्सार छलेर चोरीपैठारी गरी ओसारपसार गरिरहेको गोप्य सूचनाका अधारमा महोत्तरीको मठिहानी नगरपालिका-७ का २० वर्षीय श्याम दास र सोही ठाउँ बस्ने २२ वर्षीय मो.नुरारी लहेरीलाई जनकपुरबाट पक्राउ गरिएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षकको कमाण्डमा खटेको टोलीले जनकपुरधाम उपमहानगरपालिका-५ सोनरपट्टीमा जाँच गर्ने क्रममा दुईवटा साइकलमा सवार उनीहरूलाई पक्राउ गरिएको हो ।

खानतलासी गर्दा सुनचाँदीको गहनामा रसायनको रूपमा प्रयोग हुने रु १० लाख ६२ हजार बराबरको चाँदी जस्तो देखिने सेतो रङको धातु अन्दाजी ५० किलोसहित पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक मकेन्द्रकुमार मिश्रले जानकारी दिनुभयो । सामानसहित पक्राउ गरिएका दुवैलाई नियन्त्रणमा लिई आवश्यक कारवाहीका लागि भन्सार कार्यालय जनकपुरमा पठाइएको प्रवक्ता मिश्रले बताउनुभयो ।

# महामन्त्री डा कोइरालालाई कोरोना संक्रमण पुष्टि

काठमाडौँ, २३ भदौ (रासस) ।

नेपाली काँग्रेसका महामन्त्री डा शशांक कोइरालालाई कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । उहाँले मंगलबार परीक्षणका क्रममा आफूमा कोरोना सङ्क्रमण पुष्टि भएको सामाजिक सञ्जालमार्फत जानकारी गराउनुभएको छ । महामन्त्री डा कोइरालालाई हाल स्वास्थ्य सम्बन्धी कुनै समस्या नदेखिएको उहाँका सहयोगी सुरज उप्रेतीले जानकारी दिनुभयो ।

महामन्त्री डा कोइराला चिकित्सकहरुको सल्लाहअनुसार हाल होम आइसोलेसनमा बस्नुभएको छ । साथै उहाँले आफूसँग प्रत्यक्ष सम्पर्कमा आउनुभएका सम्पूर्णमा आवश्यक सजगता अपनाउनुहुन अनुरोध गर्नुभएको छ ।

# मनोसामाजिक समस्याविरुद्ध चनचेतना चलाउन प्रधानमन्त्रीको निर्देशन

काठमाडौँ, २३ भदौ (रासस) ।

प्रधानमन्त्री केपी शर्मा ओलीले कोभिड-१९ का कारण उत्पन्न मनोसामाजिक समस्याको समाधान गर्न तत्काल योजना बनाएर अघि बढ्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अधिकारी र निजी क्षेत्रका निकायलाई निर्देशन दिनुभएको छ । प्रधानमन्त्री निवास बालुवाटारमा मनोचिकित्सकसँग आयोजित परामर्श र छलफलका क्रममा उहाँले निराशा, दिक्दारी, भय र त्रास मुक्त समाज निर्माण गर्नसमेत मनो चिकित्सकको विशेष योगदान हुने बताउनुभयो ।

प्रधानमन्त्रीले स्पष्ट गर्नुभयो, "कोभिड-१९ को प्रभावविरूद्ध व्यापक परामर्श तथा सचेतनता अभियान सञ्चालन गर्न, टेलिभिजन र रेडियोलगायत सञ्चार माध्यमबाट तत्काल परामर्श र चेतना फैलाउनु आवश्यक छ । यसमा मनोचिकित्सकले सक्रिय योगदान गर्नुपर्छ ।" प्रधानमन्धीका प्रेस सल्लाहकार सूर्य थापाका अनुसार सो अवसरमा प्राडा सुदर्शन नरसिंह प्रधान, डा पशुपति महत, प्रा डा सरोजप्रसाद ओझा, प्रा डा दिव्यासिंह शाह, डा रितेश थापा, डा सगुन पन्त, डा. अनन्त अधिकारी, डा फणीन्द्र बराल र डा रोशन पोखरेललगायत विज्ञले प्रधानमन्त्रीसमक्ष यतिबेला अपनाउनुपर्ने अल्पकालीन र दीर्घकालीन उपाय प्रस्तुत गर्नुभएको थियो ।


**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।**

**समाचार प्रकाशन/प्रसारण गर्दा महिला र बालबालिकाका संवेदनशीलतालाई ध्यान दिऔं ।।**

**पत्रकार र सञ्चारमाध्यमले हिंसा, आतंक, अश्लिलता र अपराधलाई प्रश्रय दिने गरी समाचार सम्प्रेषण नगरौं ।।**

पत्रकार तथा सञ्चारमाध्यमले हिसा, र अपराधलाई प्रश्रय दिने वा आत्महत्या गर्न उक्साउने, अश्लिल, सार्वजनिक स्वास्थ्य, शिष्टाचार र नैतिकताको प्रतिकूल हुने वा त्रास उत्पन्न गर्ने किसिमका सामग्री -उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**



# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



# हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिंकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिंकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

**राजगढ गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी**



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money



**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np